प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन:०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्स: ०५७-५२४८३६
इमेल: p3mosd@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

मिति:

विषय: एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

सूचना प्रकाशन भएको मिति २०७७।०९।०२

चालू आर्थिक वर्ष २०७७।०७८ मा यस मन्त्रालयबाट एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम अन्तर्गत सामुदायिक माध्यमिक विद्यालय/शिक्षालयहरुमा उद्यम प्रवर्द्धन मार्फत युवाहरुको उद्यमशीलता विकासका लागि सामुदायिक माध्यमिक विद्यालय/शिक्षालयहरुलाई आर्थिक सहायता/अनुदान दिने कार्यक्रम रहेकोले बागमती प्रदेशभित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुले तपसिलको कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन वा mosd@bagamati.gov.np मा पठाउनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरुः

- उद्यम परियोजना प्रस्ताव,
- विद्यालय/शिक्षालयले उद्यम कोष स्थापना भएको प्रमाण खुल्ने कागजात,
- उद्यम कोष सञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,
- उद्यम सञ्चालन गर्नका लागि विद्यालय व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तह (पालिका) को प्रतिवद्धता पत्र,
- प्राविधिक धार सञ्चालन भएको विद्यालय/शिक्षालय भएमा प्राविधिक धार सञ्चालनको अनुमति पत्रको प्रतिलिपि,
- विद्यालय व्यवस्थापन समिति र उद्यम कोष सञ्चालक समितिले उद्यम कोषमा मन्त्रालयबाट प्राप्त हुने मूल पूँजी लगानी गरी आगामी पाँच वर्षभित्र उक्त पूँजी (प्रथम वर्ष कुल पूँजीको १० प्रतिसत, दोस्रो वर्ष २० प्रतिसत, तेस्रो वर्ष २० प्रतिसत, चौंथो वर्ष २५ प्रतिसत र पाँचौ वर्ष २५ प्रतिसत) कोषमा जम्मा गर्ने निर्णयसहितको प्रतिवद्धता,
- विद्यार्थी उद्यमी क्लब गठन भएको खुल्ने कागजात,
- पूर्व विद्यार्थी मञ्च गठन भएको भए गठनको कागजात,
- विद्यालयको विगत तीन वर्षको शैक्षिक उपलब्धि विवरण,
- विद्यालयको आर्थिक अवस्था, भौतिक अवस्था, जनशक्तिको अवस्था र वातावरणीय पुर्वाधारको विवरण सहितको संक्षिप्त प्रोफाइल,
- गत आ.व. २०७६/०७७ को विद्यालयको लेखा परीक्षण प्रतिवेदन।

पुनश्चः

१. तोकिएको समय सीमाभित्र रितपूर्वक नपरेका प्रस्तावहरूलाई छनौटका लागि समावेश नगरिने व्यहोरा जानकारी गराइन्छ ।
२. उल्लेखित कार्यक्रमको बारेमा विस्तृत जानकारीको लागि मन्त्रालयको वेवसाइट www.mosd.p3.gov.np मा रहेको **"एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** हेर्नुहुन अनुरोध छ।
३. निवेदन र उद्यमको व्यावसायिक योजनाको ढाँचा कार्यविधिको क्रमश: अनुसूची १ र २ बमोजिम हुनेछ ।

(रुद्रहरि भण्डारी)
अधिकृतस्तर दसौं